# पनौती नगरपालिका

# स्थानीय राजपत्र

खण्ड : ४ संख्या :१० मिति : २०७७/०९/२३

भाग-२

## पनौती नगरपालिकाको

## अपाङ्गता, ज्येष्ठ नागरीक र महिलाहरुका लागि सुरक्षात्मक कोष स्थापना कार्यविधि २०७७

**प्रस्तावना :** देशमा रहेको पितृसतात्मक सोचका कारण अपाङ्गता, ज्येष्ठ नागरीक र महिलाहरु माथीको सोच विचारमा सामाजिक परिवर्तन गर्नका लागि स्थानीय समुदाय र समाजलाई परिचालन गर्दै पितृसतात्मक सोचाइमा परिवर्तन ल्याउनका लागि बान्छनीय देखिएकोले पनौती नगरपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७४ को दफा ४ ले दिएको अधिकार प्रयोग

गरी पनौती नगरपालिकाको मिति २०७७/०९/२१ को कार्यपालिका बैठकले यो कार्यविधि स्वीकृत गरेको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भ :**

(१) यो कार्यविधिको नाम "**अपाङ्गता, ज्येष्ठ नागरीक र महिलाहरुका लागि सुरक्षात्मक कोष स्थापना कार्यविधि २०७७**" रहेको छ ।

(२) यो कार्यविधि पनौती नगरपालिका नगरकार्यपालिकाले स्वीकृत भई राजपत्रमा प्रकाशित मिति देखि लागु हुने छ ।

**२. परिभाषा :** विषय प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

क) "कार्यालय" भन्नाले पनौती नगरपालिका नगरकार्यपालिकाको कार्यालय सम्झनु पर्दछ ।

ख) "कार्यक्रम" भन्नाले नियम ३ बमोजिम **अपाङ्गता, ज्येष्ठ नागरीक र महिलाहरुका लागि सुरक्षात्मक कोष** सम्झनु पर्दछ ।

ग) "**अपाङ्गता**" भन्नाले नेपाल सरकार ,**अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धि ऐन** २०७४ अनुसार शारीरिक अङ्ग वा प्रणालीमा भएको समस्या वा कठिनाई भएका जुनसुकै उमेर समुहका बालबालिका र व्यक्तिहरुलाई सम्झनु पर्दछ ।

घ) "**ज्येष्ठ नागरीक**" भन्नाले नेपालको कानुन अनुसार ६० वर्ष उमेर पुगेका नागरिकहरुलाई सम्झनु पर्दछ ।

**३. कार्यक्रम संचालनको उद्देश्य :**

क) स्थानीय तहमा भएका अपाङ्गता, ज्येष्ठ नागरीक र महिलाहरुका लागि सुरक्षात्मक कोषबाट आयआर्जन गर्नका लागि बस्तुगत तथा नगद सहायता परिचालन गर्नु कोषको उद्देश्य हुनेछ ।

ख) हिंसामा परेका, अपाङ्गता, ज्येष्ठ नागरीक र महिलाहरुलाई सीप तथा आयआर्जनका माध्यमबाट समाजमा स्थापित गराउनको लागि यो कोष संचालन गर्न सकिनेछ ।

ग) अपाङ्गता, ज्येष्ठ नागरीक र महिलाहरुले पनि अवसर प्राप्त भए समाजमा योगदान र स्वाबलम्बी जीवनयापन गर्न सक्षम हुनेछन ।

घ) अपाङ्गता, ज्येष्ठ नागरीक र महिलाहरुले पनि समाजमा अनुशरणिय व्यक्तित्वको रुपमा स्थापित गर्न सक्षम हुनेछन ।

ङ) अपाङ्गता, ज्येष्ठ नागरीक र महिलाहरुका लागि सुरक्षात्मक कोषबाट संचालित कार्यक्रमहरुको प्रभावकारी रुपमा अनुगमन तथा मुल्यांकन गर्नुपर्नेछ ।

४. **कार्यक्रम संचालन :** यस कार्यविधि बमोजिम अपाङ्गता, ज्येष्ठ नागरीक र महिलाहरुका लागि सुरक्षात्मक कोष कार्यक्रम संचालन गरिनेछ ।

क) कोषमा जम्मा भएको रकम खर्च गर्नका लागि लैङ्गिक हिंसा निवारण समितिले निर्णय गर्नुपर्नेछ ।

ख) उपदफा (क) मा जुनसुकै कुरा लेखिएको भएता पनि तत्काल सहायता प्रदान गर्नुपर्ने अवस्था रहेको तर समितिको बैठक बस्न नसक्ने अवस्था भएमा तत् पश्चात बस्ने बैठकमा अनुमोदन गराउने गरि संयोजकको निर्णयबाट आयआर्जन तथा सीपका लागि बढीमा रु १०,०००। (दश हजार) सम्म सहयोग प्रदान गर्न बाधा पुग्ने छैन ।

ग) पिडित व्याक्तिले प्राप्त गरेको रकम आयआर्जन र सीप प्राप्त गर्नका लागि खर्च गर्न सक्नेछन । यि बाहेक अन्य काममा खर्च गर्न पाउने छैनन् ।

घ) सरकारी, गैर सरकारी र निजि संघ संस्थाहरुसंग आयआर्जन र सीप प्राप्त गर्न आवश्यकता अनुसार समन्वय गरि प्राप्त गर्न सक्नेछन ।

५. **कोष :** यो कोषमा रकम पनौती नगरपालिकाले प्रत्येक आ.व.मा छुट्याउने छ ।

६. **बजेट बाडफाँड :** यस कार्यविधि बमोजिम विनियोजन भएको रकम समितिको निर्णयको आधारमा प्रचलित नियमानुसार खर्च रकम बाँडफाँड गरि कार्यालय प्रमुखबाट स्वीकृत गराई मात्र सहायता प्रदान गर्नु पर्नेछ ।

७. **खर्च तथा लेखा परिक्षण :** अपाङ्गता, ज्येष्ठ नागरीक र महिलाहरुका लागि सुरक्षात्मक कोषमा प्राप्त भएको रकम खर्च गरी आय-व्ययको विवरण प्रचलित

कानुन बमोजिमको लेखा राख्नु पर्नेछ। कार्यक्रम खर्चको लेखापरीक्षण र अन्तिम लेखा परीक्षण प्रचलित कानुन बमोजिम गर्नु पर्नेछ।

८. **अनुगमन र मुल्यांकन :** पनौती नगरकार्यपालिकाको कार्यालय र महिला शाखाबाट कार्यक्रमको अनुगमन तथा मुल्यांकन गरिने छ।

९. **प्रतिवेदन :** अपाङ्गता, ज्येष्ठ नागरीक र महिलाहरुका लागि सुरक्षात्मक **को**षबाट हिंसाका घटना व्यवस्थापन सम्वन्धि कार्यक्रमको प्रगती प्रतिवेदन चौमासिक र वार्षिक रुपमा तयार गरी पनौती नगरपालिकामा पेश गर्नुपर्नेछ।

१०. **विविध :** अपाङ्गता, ज्येष्ठ नागरीक र महिलाहरुका लागि सुरक्षात्मक कोषबाट महिला तथा बालबालिका माथि हुने हिंसा सम्वन्धि सचेतनामुलक कार्यक्रम संचालन गर्दा पितृसतात्मक सोच परिवर्तन गर्न सहयोग पुऱ्याउने खालका कार्यक्रम संचालन गर्नु पर्दछ।

११. **बाधा अड्काउ फुकाउ** : यो कार्यविधिमा आवश्यक थपघट, हेरफेर गर्नु परेमा नगरकार्यपलिकाले निर्णय गरे बमोजिम गरिनेछ।

१२. **खारेजी र बचाउ :** यो कार्यविधिमा व्यवस्था भएका कुराहरुको हकमा यसै वमोजिम र अन्य कुराको हकमा प्रचलित ऐन कानुन वमोजिम हुनेछ।

**आज्ञाले**

**प्रमाणीकरण मिति : २०७७/०९/२२**

**रामप्रसाद वाग्ले**
**प्रमुख प्रशासकीय अधिकृत**